**नेपाल लाइफ इन्स्यारेन्स कम्पनी लिमिटेडको**

**अठारौं वार्षिक साधारण सभा**
**को**
**निर्णय (माईन्यूट) बिवरण**

## १) प्रारम्भिक

नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको अठारौं वार्षिक साधारण सभा अध्यक्ष श्री गोविन्द लाल संघईज्यूको अध्यक्षतामा मिति २०७४ चैत्र २८ गते (तदनुसार ११ अप्रिल, २०१८) बुधबार होटल भिष्वा, बीरगंजमा विहान ९:३० बजे शुरु भई अपरान्ह १२:३० बजे सम्पन्न भयो । साधारण सभाको निर्णयहरु तथा अन्य काम कारवाईको बिवरण देहाय बमोजिम रहेका छन् ।

## २) उपस्थिति

### क) संचालकहरुको उपस्थिति

| | | |
|---|---|---|
| १ | श्री गोविन्द लाल संघई | अध्यक्ष |
| २ | श्री कमलेश कुमार अग्रवाल | संचालक |
| ३ | श्री प्रकाश मुन्दडा | संचालक |
| ४ | श्री विवेक अग्रवाल | संचालक |
| ५ | श्री बिमल प्रसाद ढकाल | संचालक |
| ६ | श्रीमती पारुल ढकाल | संचालक |

### ख) पदाधिकारीहरुको उपस्थिति

| | | |
|---|---|---|
| १ | श्री विवेक झा | प्रमुख कार्यकारी अधिकृत |
| २ | श्री सुशील कुमार चौधरी | बरिष्ठ नायव महाप्रबन्धक |
| ३ | श्री सन्तोष प्रसाई | नायव महाप्रबन्धक |
| ४ | श्री ओमप्रकाश पुडासैनी | कम्पनी सचिब |
| ५ | श्री देव पुजन प्रसाद गौरो थारु | क्षेत्रीय प्रमुख, क्षेत्रीय कार्यालय, बीरगंज |
| ६ | श्री पवन कुमार खड्का | कर्पोरेट मार्केटिङ्ग तथा बैदेशिक रोजगार प्रमुख |
| ७ | श्री रोशन दवाडी | लेखा तथा बित्त प्रमुख |
| ८ | श्री विरोध भट्ट | कानुन अधिकृत |

**घ) शेयरधनीहरूको उपस्थिति**

| | |
|---|---|
| उपस्थिति शेयर धनिहरुको संख्याः | १४९ जना |
| क) शेयरधनी स्वयंबाट : | ४८ जना |
| ख) प्रतिनिधि(प्रोक्सी)बाट : | १०१ जना |
| शेयरको प्रतिनिधित्व संख्याः | १,९८,६३,९६२ कित्ता |
| शेयर संख्याको प्रतिनिधित्व प्रतिशत : | ६४.१५% |

**ङ)** यस सभामा सहभागि हुन पाउने कुल १५२५६५ शेयरधनीहरु मध्ये उपस्थित शेयरधनीहरु सबै जना सभामा सहभागी हुन योग्य थिए ।

**३) छलफलका विषयसूचीहरू :-**

**क) सामान्य प्रस्ताव**

१) संचालक समितिका तर्फबाट अध्यक्षज्यूबाट पेश हुने आ.व.२०७३।०७४ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२) लेखा परीक्षकको प्रतिवेदन सहितको २०७४ साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७३/०७४ को आय व्यय हिसाव, नाफा/नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण स्वीकृत गर्ने ।
३) लेखा परीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०७४/०७५ को लागि लेखा परिक्षक नियुक्ति गर्ने तथा नीजको पारिश्रमिक निर्धारण गर्ने ।
४) संचालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु.२८.५३/– अर्थात रु.८८,३२,९७,००८/- (प्रस्तावित बोनस शेयर तथा नगद लाभांश बापतको कर सहित) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।
५) संचालक समितिबाट संस्थापक एवं सर्वसाधारण शेयर समुह अन्र्तगत रिक्त संचालक पदहरुको बाँकी कार्यकालका लागि गरिएको नियुक्ति अनुमोदन बारे ।
६) संचालक समितिको बैठक भत्ता तथा सुबिधा बारे ।

**ख) बिशेष प्रस्ताव**

१) कम्पनीको अधिकृत पूँजीलाई बृद्धि गरि रु.८,००,००,००,०००/– (आठ अर्ब) कायम गर्ने ।
२) संचालक समितिले प्रस्ताव गरे बमोजिम बिद्यमान चुक्ता पूँजीको ४२ प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । बोनस शेयर जारि पश्चात हुने शेयर संरचना बमोजिम जारी पूँजी तथा चुक्ता पूँजीलाई तदनुरुप बृद्धि गर्ने । बोनस शेयर बितरण गर्दा कायम हुन आउने दशमलव पछिको अंकलाई सम्बन्धीत शेयरधनीको नाममा पछि समायोजन गर्ने गरि यथावत राख्ने ।

३) कम्पनीको पूँजी संरचनामा रहेको संस्थापक र सर्वसाधारण शेयरको बिद्यमान ७०:३० अनुपातलाई परिवर्तन गरि संस्थापक र सर्वसाधारण शेयर स्वामित्व अनुपात ६०:४० प्रतिशत कायम गरि सोही अनुरुप संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा परिणत गर्ने ।

४) कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम संशोधन गर्ने । कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको प्रस्ताबित संशोधनमा सम्बन्धीत निकायबाट कुनै फेरबदल वा सुझाव भएमा सो सुझाव बमोजिम आवश्यक फेरबदल गर्ने अख्तियारी संचालक समितिलाई दिने प्रस्ताव पारित गर्ने ।

५) कम्पनी ऐन को दफा १०५(१)(ग) बमोजिम आ.व.२०७३।०७४ मा भएको खर्च अनुमोदन गर्ने ।

**ग) विविध**

**४) सूचना प्रकाशन :**

संचालक समितिको मिति २०७४/१२/०१ गते बसेको २६४ औं बैठकको निर्णय बमोजिम कम्पनीको अठारौं वार्षिक साधारण सभा मिति २०७४ चैत्र २८ गते रजिर्ष्टर्ड कार्यालय रहेको स्थान बीरगञ्जमा आयोजना हुने भनि मिति २०७४।१२।०४ गते कान्तिपुर दैनिक र दोस्रो पटक मिति २०७४।१२।२६ गते कारोबार दैनिकमा सूचना प्रकाशित गरि कम्पनी ऐनमा भएको व्यवस्था बमोजिम कम्पनीको बार्षिक प्रतिबेदन सहितको साधारण सभाको बिस्तृत सूचना शेयरधनी महानुभावहरुको कम्पनीमा उपलब्ध ठेगानामा पठाईएको र कम्पनीको वार्षिक प्रतिवेदन, साधारण सभाको बिस्तृत सूचना कम्पनीको वेभसाइट www.nepallife.com.np मा पनि राखिएको थियो ।

**५) गणपुरक संख्या**

| बिवरण | कुल संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत (प्रोक्सी) | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | १५२५६५ | ४८ | १०१ | १४९ | - |
| शेयर संख्या | ३,०९,६४,२८६.२५ कित्ता | १८,२१,५७९ | १,८०,४२,३८३ | १,९८,६३,९६२ | ६४.१५% |

**६) सभाको वैधानिकता तथा सभापतित्व**

साधारण सभा हुनु अघि कम्पनी सचिबले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्नुहुदै कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावलीको बमोजिम प्रकिया पुरा गरि सभा बोलाईएको र सभा संचालन गर्न आवश्यक गणपुरक संख्या पुगेकोले सभा बैधानिक भएको घोषणा गर्नुभयो । सभा बैधानिक भएकोले निर्धारित विषयसूचीमा छलफल गर्ने क्रममा कम्पनी सचिबले अध्यक्षज्यू एवं संचालकज्यूहरूलाई आसन ग्रहण गर्न आग्रह गर्नुभयो र आसन ग्रहण पश्चात उहाँले अध्यक्ष श्री गोविन्द लाल संघईज्यूलाई साधारण सभाको सभापतित्व ग्रहण गर्न अनुरोध गर्नुभयो र उहाँले सभाको सभापतिको आसन ग्रहण गर्नुभयो । तत्पश्चात कम्पनी सचिबले साधारण सभाका निर्धारित बिषयसूचीहरु पढेर सुनाउँदा बैठकले सोही बमोजिम छलफलको प्रकिया अगाडि बढाउन सहमति जनायो । सभा संचालनको बैधानिक प्रकृया पुरा भएकोले अध्यक्ष श्री गोविन्द लाल संघईज्यूलाई बिषयसूची बमोजिमको कारवाही अगाडि बढाउन अनुरोध गरियो ।

## ७) सभा संचालन तथा बार्षिक प्रतिवेदन प्रस्तुती

सभाको काम कारबाहीलाई अगाडि बढाउने क्रममा सभाका सभापति एवं अध्यक्ष श्री गोविन्द लाल संघईज्यूले आ.व.२०७३।०७४ को संचालक समितिको बार्षिक प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो । तत्पश्चात सभापतिद्वारा सभा समक्ष आ.व. २०७३।०७४ को लेखापरिक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब किताब तथा नगद प्रवाह बिवरण प्रस्तुत गर्नुभई सो माथिको छलफलमा भाग लिन तथा कम्पनीको कारोबार सम्बन्धी विबिध पक्षहरुमा आफ्नो बिचार मन्तव्य तथा जिज्ञासाहरु व्यक्त गर्नका लागि शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

## ८) छलफलमा सहभागी शेयरधनीको नाम

छलफलमा सहभागी हुनुभएका शेयरधनीबाट व्यक्त बिचार तथा सुझावहरुको मुलभूत बिषयबस्तुको सारांश निम्न बमोजिम रहेको थियो ।

### १) श्री बैजु नाथ रौनियार

- बार्षिक साधारण सभा कानूनले तोकिएको समय भित्र सम्पन्न गर्नुपर्ने ।
- कम्पनीले हरेक बर्ष शेयरधनीहरुलाई राम्रो प्रतिफल प्रदान गर्दै आएको छ । यस कम्पनीले सबैको बिश्वास जित्न सफल भएको छ । अगामी दिनमा समेत यसलाई निरन्तरता दिन सकियोस् ।
- सर्वसाधारण शेयरधनीहरुको हिस्सा पूँजी संरचनामा ३० बाट ४० पुर्‍याएकोमा खुशी लागेको ।
- कम्पनीको समग्र लगानी प्रतिफल ८ प्रतिशत भन्दा माथि रहनु स्वागतयोग्य ।
- श्री बीमा समितिले औंल्याएका बिषयबस्तुहरु पुनः नदोरियोस् भन्नेमा सबैको ध्यान जानुपर्दछ ।

### २) श्री केशब बहादुर गरन्जा

- सशक्त जीवन बीमा कम्पनीको माध्यमबाट आम नेपालीको सुरक्षा र संबृद्धिको चाहनालाई परिपूर्ति गर्दै प्रत्येक नागरिकको योगदानबाट समुन्नत राष्ट्र निर्माण गर्ने vision लिई सोही अनुरुप कम्पनीलाई अगाडि बढाउन सफल रहनुभएको सबैमा हार्दिक धन्यबाद दिन चाहन्छु ।
- कम्पनीले निरन्तर चौथो पटक सम्म Best Managed Life Insurance Co. Award प्राप्त गर्न सफल भएकोमा सबैमा हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु । कम्पनीले समयसापेक्ष बजार रणनीतिहरु मार्फत पुरै टिमलाई परिचालन गरि व्यवसायीक सफलता हासिल गरेको कारण अवार्ड प्राप्त गर्न सफल भएको छ । यो हामी सबैका लागि गर्वको बिषय हो ।
- जीवन बीमा भन्नु नै **“नेपाल लाइफ”** हो भन्ने आम नेपालीको धारणा बनिसकेको छ । यो ब्राण्डलाई कायम राख्न सक्नुपर्दछ ।
- बीमा व्यवसाय बिश्वासको व्यवसाय भएकोले यसलाई निरन्तर कायम राख्न सक्नु पर्दछ ।
- बिद्यमान तीब्र प्रतिश्पर्धात्मक बाताबरणमा फरक रणनीति अबलम्बन गरिनुपर्दछ ।
- बीमितहरुले प्राप्त गर्ने बोनस दर केही बर्षदेखि नबढेकोले सकेसम्म बढाएर लैजानुपर्दछ ।
- नयाँ नयाँ बीमा योजनाहरु ल्याउन सके बीमाको कभरेज बृद्धि हुने ।

### ३) श्री तोयानाथ भण्डारी

- कम्पनीले आफु संग आवद्ध सबै पक्षहरुलाई खुशी राख्न सफल भएको छ ।
- हाल बजारमा तीब्र प्रतिश्पर्धा देखिएको छ । बीमितहरुलाई बोनस दर बारे द्विगभ्रमित पार्ने कार्य भईरहेको छ । प्रस्ताव फाराममा बोनस दर उल्लेख हुने व्यवस्था भएमा बीमितहरु नभ्ुक्किने अवस्था रहने भएकोले नियमन निकायसंग छलफल गर्न उपयुक्त हुने ।
- केही समयदेखि चौतर्फी रुपमा कम्पनी प्रति भ्रम छर्ने प्रयास भईरहेको छ । सबै जना चनाखो हुन जरुरी छ ।

### ९) शेयरधनीहरूको जिज्ञासाको जवाफ

अध्यक्ष श्री गोविन्द लाल संघईज्यूले सभामा आफ्नो अमूल्य सुझाव तथा जिज्ञासा राख्नुभएका शेयरधनीलाई हार्दिक धन्यवाद व्यक्त गर्नुहुदै शेयरधनीहरूको प्रश्न तथा जिज्ञासाहरूको जवाफ दिनका लागि प्रमुख कार्यकारी अधिकृत श्री विवेक झाज्यूलाई निर्देशन दिनु भयो ।

### प्रमुख कार्यकारी अधिकृत श्री विवेक झा

- साधारण सभामा उपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत गर्दछु । नेपाल लाइफलाई यस अग्रणी स्थानसम्म ल्याउनका लागि सबै पक्षको ठूलो सहयोग, सदभाव् र मिहेनत रहेको छ । कम्पनीका लगानीकर्ता, बीमित, अभिकर्ता कर्मचारीहरु बीचको सामञ्जस्यताले कम्पनीलाई उचित मार्गमा लैजान सफल भएका छौं ।

- कम्पनीले मुलुकका हरेक क्षेत्रमा आफ्नो उपस्थिति देखाएको छ । जीवन बीमा भन्ने वित्तिकै "नेपाल लाइफ" को नाम अग्रपक्तिमा आउने गरेको छ । यस्तो अवस्थामा यस क्षेत्रमा कोही कसैबाट हुने गलत कार्यको दोष कम्पनीलाई आउने सक्ने अवस्था प्रति अत्यन्त सजग भई यस क्षेत्रलाई सम्मानजनक बनाउन भूमिका खेल्न जरुरी छ ।

- जीवन बीमा क्षेत्रमा तीब्र प्रतिश्पर्धा संगै देखिएका केही गलत प्रवृत्तिहरुका बारे शेयरधनीहरुबाट व्यक्त बिचारहरु प्रति हामी सम्बेदनशिल भएका छौं । यस्तो अवस्थामा हामी सबै मिलेर बीमितहरुलाई जायज कुरा बताउन सक्यौ र यो समयमा सर्वोकृष्ट कार्य गर्न सक्यौं भने कसैले पनि झुठ बोलेर व्यवसाय गर्न सक्ने अवस्था नरहने र सबैले सहि ढंगबाट मात्र व्यवसाय गर्नु पर्ने अवस्था आउने देखिन्छ । जसले गर्दा आगामी दिनमा बीमा क्षेत्र गर्व गर्न लायकको क्षेत्रको रुपमा रहने निश्चित छ ।

- कम्पनीले बीमितहरुलाई उत्कृष्ठ बोनस दिदै आएका छौं । दीगो र भरपर्दो बोनस दरका लागि कार्य गर्दै आएका छौं ।

- NFRS अनुरुप बित्तिय बिवरण तयारीका सर्न्दभमा हाल सो कार्य प्रारम्भिक चरणमा रहेको र यस कार्यका लागि श्री बीमा समिति तथा सम्बन्धीत निकायहरुको समन्वयमा कार्य गरिने व्यहोरा जानकारी गराउँछु ।

- कम्पनीका बीमा योजनाहरुले राम्रो व्यवसाय गरिरहेको छ । अगामी दिनमा थप नयाँ बीमा योजनाहरु ल्याउन प्रयासरतः छौं ।

- जीवन बीमाका लागि बर्तमान समयलाई Golden period मान्न सकिन्छ । यो समयमा बीमितहरुलाई सहि सूचना सम्प्रेषण गरि कम्पनीका सक्षमताका बारे व्यापक प्रचार प्रसार गर्न सके कम्पनीले थप उचाई हासिल गर्ने छ ।

१०) <u>साधारण सभाको छलफल तथा निर्णयहरू</u>

क) <u>सामान्य प्रस्ताव</u>

१ सभामा अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको कम्पनीको आ.व.२०७३/७४ को संचालक समितिको १८औं बार्षिक प्रतिवेदन छलफल पश्चात निर्णयार्थ प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

२ सभामा आर्थिक बर्ष २०७३/०७४ को लेखापरिक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व.२०७३/०७४ को आयव्यय हिसाब, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह बिवरण पारित गर्नका लागि सभामा निर्णयार्थ प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

३ सभामा लेखा परिक्षण समितिको सिफारिस बमोजिम श्री ज्ञानेन्द्र एण्ड एशोशियर्टस् चार्टर्ड एकाउन्टेटस् लाई आ.व.२०७४।०७५ का लागि बाह्य लेखा परिक्षकमा नियुक्ति गर्ने र नीजलाई बाह्य लेखापरिक्षण शुल्क बापत रू.३,००,०००/-( नियमानुसारको कर वा शूल्क लाग्ने भए सो थप हुने) उपलब्ध गराउने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

४ सभामा संचालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु.२८.५३/– अर्थात रु.८८,३२,९७,००८/- (प्रस्तावित बोनस शेयर तथा नगद लाभांश बापतको कर सहित) नगद लाभांश वितरण गर्न स्वीकृतिका लागि सभामा निर्णयार्थ प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

५ संचालक समितिको २५३औं र २५६ औं बैठकहरुबाट कम्पनीमा संस्थापक समुह (क) अर्न्तगत रिक्त रहेको संचालक पदको बाँकी कार्यकालका बर्तमान अध्यक्ष श्री गोविन्द लाल संघईज्यू एवं संचालक श्रीमती पारुल ढकालज्यूलाई मनोनयन गरिएको तथा कम्पनीमा सर्वसाधारण समुह (ख) अर्न्तगत रिक्त रहेको संचालक पदको बाँकी कार्यकालका लागि बर्तमान संचालक श्री बिमल प्रसाद ढकालज्यूलाई मनोनयन गरिएकोले उहाँहरुको नियुक्ति अनुमोदनका लागि सभामा प्रस्तुत हुँदा उक्त नियुक्तिलाई सर्वसम्मतिले अनुमोदन गरियो ।

६ संस्थागत सुशासन निर्देशिका २०७३ को बुँदा नं.१०(१) बमोजिम संचालकहरुको बैठक भत्ता वा अन्य सुबिधा साधारण सभाले स्वीकृत गरे बमोजिम हुनेछ भनि उल्लेख भएको सर्न्दभमा बिद्यमान बैठक भत्तालाई समसामयिक रुपमा बृद्धि गर्न आवश्यक देखि संस्थागत सुशासन निर्देशिकामा उल्लेख भए बमोजिम बिभिन्न परिसूचकहरुका आधारमा संचालक समितिको २६४औं बैठकले अध्यक्षज्यूको रु.१६,०००/- र संचालकको रु.१५,०००/- कायम गर्न तथा संस्थागत सुशासन निर्देशिकाको बुँदा नं.१४(५) बमोजिम गठन गरिएको संचालक स्तरिय समिती एवं उपसमितिका सदस्य तथा अन्य सहभागिले प्राप्त गर्ने बैठक भत्ता समेत संयोजकलाई अध्यक्ष सरह रु.१६,०००/- तथा सदस्यलाई संचालक सरह रु. १५०००/- कायम गर्ने साधारण सभामा स्वीकृतिका लागि सिफारिस गरेकोले उक्त प्रस्ताव सभामा निर्णयार्थ पेश हुँदा सर्वसम्मतिले स्वीकृत गरियो ।

यसैगरि, संचालक समितिको २६४औं बैठकले संचालक समितिका अध्यक्ष एवं संचालकहरुलाई पत्रपत्रिका, टेलिफोन, मोवाईल, ईन्टरनेट खर्च बापत एकमुष्ठ रु.१५,०००/- प्रति महिना प्रदान गर्नका लागि बार्षिक साधारण सभामा स्वीकृतिका लागि प्रस्ताव गर्ने निर्णय गरिएकोले सो प्रस्ताव सभामा निर्णयार्थ पेश हुँदा सर्वसम्मतिले स्वीकृत गरियो ।

## ख) विशेष प्रस्ताव

१ कम्पनीको अधिकृत पूँजीलाई बृद्धि गरि रु.८,००,००,००,०००/– (आठ अर्ब) कायम गर्ने प्रस्ताव सभामा निर्णयार्थ पेश हुँदा सर्वसम्मतिले स्वीकृत गरियो ।

२ सभामा सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बिद्यमान चुक्ता पूँजीको ४२ प्रतिशत वोनस शेयर जारी गर्न स्वीकृति प्रदान गरियोस भनि अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो । साथै बोनस शेयर बितरण गर्दा कायम हुन आउने दशमलव पछिको अंकलाई सम्बन्धीत शेयरधनीको नाममा पछि समायोजन गर्ने गरि यथावत राख्ने प्रस्ताव पारित गरियो ।

३ कम्पनीको पूँजी संरचनामा रहेको सस्थापक र सर्वसाधारण शेयरको बिद्यमान ७०:३० अनुपातलाई परिवर्तन गरि संस्थापक र सर्वसाधारण शेयर स्वामित्व अनुपात ६०:४० प्रतिशत कायम गरि सोही अनुरुप संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा परिणत गर्ने प्रस्ताव सभामा निर्णयार्थ पेश हुँदा सर्वसम्मतिले स्वीकृत गरियो । साथै सो कार्य सम्पन्न गर्नका लागि आवश्यक सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रदान गर्ने निर्णय गरियो ।

४ कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव सभामा प्रस्तुत भई छलफल पश्चात देहाय बमोजिम कम्पनीको प्रबन्धपत्रको दफा ४(ञ)(२५), दफा ५(क), ५(ख), ५(ग), दफा ५(घ) तथा नियमावलीको नियम ५(क), ५(ख), ५(ङ), ५(च) मा संशोधन/थप गर्ने निर्णय गरियो । साथै सभामा कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको प्रस्ताबित संशोधनमा सम्बन्धीत नियमनकारी निकाय तथा अन्य निकायहरुबाट स्वीकृत लिने क्रममा कुनै फेरबदल वा सुझाव प्राप्त भएमा सो सुझाव बमोजिम आवश्यक फेरबदल वा संशोधन गर्ने अख्तियारी संचालक समितिलाई दिने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**प्रवन्धपत्रमा भएको संशोधन**

| दफा | साविक व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|
| दफा४(ञ)(२५) | नभएको | बीमा ऐन तथा नियमावलीको अधिनमा रही जीवन बीमा अभिकर्ता तथा बीमा सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्न सक्नेछ । |
| दफा ५(क) | कम्पनीको अधिकृत पूँजी रु.५,००,००,००,०००/– (पाँच अर्व) हुनेछ । उक्त पूँजीलाई प्रतिशेयर रु.१०० (एक शय) का दरले हुने गरी ५,००,००,०००/– (पाँच करोड) थान शेयरमा विभाजन गरिएको छ । | कम्पनीको अधिकृत पूँजी रु.८,००,००,००,०००/– (आठ अर्व) हुनेछ । उक्त पूँजीलाई प्रतिशेयर रु.१०० (एक शय) का दरले हुने गरी ८,००,००,०००/– (आठ करोड) थान शेयरमा विभाजन गरिएको छ । |
| दफा ५(ख) | कम्पनीको तत्काल जारी पूँजी रु ३,०९,६४,२८,६२५/- (तीन अर्ब नौ करोड चौसठ्ठी लाख अठठाईस हजार छ शय पच्चिस) हुनेछ । | कम्पनीको तत्काल जारी पूँजी रु. ४,३९,६९,२८,६४८/- (चार अर्ब उनन्चालिस करोड उनन्सत्तरी लाख अठ्ठाईस हजार छ शय अठचालिस) हुनेछ । |
| दफा ५(ग) | कम्पनीको जारी पूँजी मध्ये ७०% को शेयर (क) समूहका शेयरधनिहरुलाई र ३०% शेयर (ख) समुहका शेयर धनिहरुलाई बाँडफाँड गरिने छ । | कम्पनीको जारी पूँजी मध्ये ६०% को शेयर (क) समूहका शेयरधनिहरुलाई र ४०% शेयर (ख) समुहका शेयर धनिहरुलाई बाँडफाँड गरिने छ । |
| दफा ५(घ) | कम्पनीको चुक्ता पूँजी कम्तिमा रु. ३,०९,६४,२८,६२५/-(तीन अर्ब नौ करोड चौसठ्ठी लाख अठठाईस हजार छ शय पच्चिस) हुनेछ । | कम्पनीको चुक्ता पूँजी रु. ४,३९,६९,२८,६४८/-(चार अर्ब उनन्चालिस करोड उनन्सत्तरी लाख अठ्ठाईस हजार छ शय अठचालिस) हुनेछ । |

## नियमावलीमा भएको संशोधन

| नियम | साविक व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|
| नियम ५(क) | कम्पनीको अधिकृत पूँजी रु.५,००,००,००,०००/–(पाँच अर्व) हुनेछ । उक्त पूँजीलाई प्रतिशेयर रु.१००(एक शय) का दरले हुने गरी ५,००,००,०००/–(पाँच करोड) थान शेयरमा विभाजन गरिएको छ । | कम्पनीको अधिकृत पूँजी रु.८,००,००,००,०००/– (आठ अर्व) हुनेछ । उक्त पूँजीलाई प्रतिशेयर रु.१०० (एक शय) का दरले हुने गरी ८,००,००,०००/– (आठ करोड) थान शेयरमा विभाजन गरिएको छ । |
| नियम ५(ख) | कम्पनीको तत्काल जारी पूँजी रु. ३,०९,६४,२८,६२५/- (तीन अर्ब नौ करोड चौसठ्ठी लाख अठठा्ईस हजार छ शय पच्चिस) हुनेछ । | कम्पनीको तत्काल जारी पूँजी रु. ४,३९,६९,२८,६४८/- (चार अर्ब उनन्चालिस करोड उनन्सत्तरी लाख अठ्ठाईस हजार छ शय अठचालिस) हुनेछ । |
| नियम ५(ङ) | कम्पनीको चुक्ता पूँजी कम्तिमा रु. ३,०९,६४,२८,६२५/- (तीन अर्ब नौ करोड चौसठ्ठी लाख अठठा्ईस हजार छ शय पच्चिस) हुनेछ । | कम्पनीको चुक्ता पूँजी रु.४,३९,६९,२८,६४८/- (चार अर्ब उनन्चालिस करोड उनन्सत्तरी लाख अठ्ठाईस हजार छ शय अठचालिस) हुनेछ । |
| नियम ५(च) | कम्पनीको जारी पूँजी मध्ये ७०% को शेयर (क) समुहका शेयरधनीहरुलाई र ३०% शेयर (ख) समुहका शेयरधनीहरुलाई बाँडफाँड गरिने छ । | कम्पनीको जारी पूँजी मध्ये ६०% को शेयर (क) समूहका शेयरधनिहरुलाई र ४०% शेयर (ख) समुहका शेयर धनिहरुलाई बाँडफाँड गरिने छ । |

पुनश्चः बार्षिक प्रतिवेदन प्रकाशित गर्दा छपाई त्रुटिका कारण कम्पनीको प्रवन्धपत्रमा थप गरिएको दफा४(ञ)(२५) बाक्यांश छुट हुन गएकोमा सभामा त्रुटीरहित प्रस्तावित व्यवस्था पढेर सुनाए पश्चात यस बिशेष प्रस्ताव पारित भएको हो ।

५. कम्पनीले आ.व.२०७३।०७४ मा सामाजिक उत्तरदायित्व अर्न्तगत बिभिन्न कार्यका लागि कुल रु. २,९५,७७५/– रकम चन्दा शिर्षक अर्न्तगत लेखाङ्कन गरिएकोले कम्पनी ऐनको दफा १०५(ग) बमोजिम अनुमोदनका लागि पेश हुँदा सभाद्धारा सर्वसम्मतिले अनुमोदन गरियो ।

**ग) विविध ।**

बिबिध बिषय अर्न्तगत छलफलका लागि अन्य कुनै बिषय नभएको र सबै निर्धारित कार्यसूची बमोजिम छलफल भएको जानकारी सभामा गराईयो ।

**११.धन्यवाद तथा सभा विसर्जन**

कार्यक्रमको अन्त्यमा, सभापतिज्यूले अठारौं बार्षिक साधारण सभामा उपस्थित हुनुभएका शेयरधनी महानुभावहरू एवं उपस्थित सम्पूर्ण महानुभावहरुलाई साधारण सभा सम्पन्न गर्न सहयोग पुर्‍याउनु भएकोमा हार्दिक धन्यबाद दिदै सभा बिर्सजन भएको घोषणा गर्नुभयो ।

(ओमप्रकाश पुडासैनी )
कम्पनी सचिव

(गोविन्द लाल संघई)
अध्यक्ष